मोः ९८५७८३६००६
*Website: www.mandavimun.gov.np*
E-mail{ *info@mandavimun.gov.np*
*mandavimun2073@gmail.com*

# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपाल**

**प.स २०७७/०७८**
**च.नंः**

मितिः २०७८/०२/१९

**विषयः Vero Cell खोप कार्यक्रम संचालन सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिब ज्यूको अध्यक्षता मिति २०७८/०२/१८ गते बैठकको निर्णय अनुसार कोभिड १९ बिरुद्धको खोप अभियान अन्तर्गत मिति २०७८/०२/२५ गते देखि ६० वर्ष देखि ६४ वर्ष बर्ष उमेर समुहलाई कोभिड १९ बिरुद्धको Vero Cell खोप कार्यक्रम संचालन गर्ने निर्णय अनुसार यस माण्डवी गाउँपालिकामा तपशिलको मिति, समय र स्थानमा खोप कार्यक्रम संचालन हुने भएको हुँदा लक्षित उमेर समुहको सहभागिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | खोप कार्यक्रम संचालन मिति | समय | खोप केन्द्र स्थान |
|---|---|---|---|
| १. | २०७८/०२/२५ गते देखि | विहान १० बजे देखि<br>बेलुका ५ बजे सम्म | देवीस्थान स्वास्थ्य चौकी |

ध्रुव कुमार पोखेल
जनस्वास्थ्य निरिक्षक

**नोट** : खोप लगाउन आउँदा नागरिकता वा उमेर खुल्ने कुनै पनि सरकारी कागजात वा सम्बन्धित वडा कार्यालयले दिएको सिफारिस साथमा लिई आउनु पर्नेछ ।

आज मिति २०७८।२।१८ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका श्रीमान सचिवज्यूको अध्यक्षतामा चीन वाट प्राप्त कोभिड-१९ विरुद्धको १० लाख मात्रा खोपका व्यवस्थापन सम्वन्धमा बैठक वसी तपसिल वमोजिमका निर्णय गरियो।

निर्णय नं १. हालसम्म SARS-CoV-2 Vaccine ( Vero Cell), Inactive , BIBP, Sinopharma खोप , १८ देखि ५९ वर्ष सम्मको उमेर समूहलाई दिइएकोमा विश्व स्वास्थ्य संगठन SAGE को मिति २०७८ बैशाख २४ गतेको र राष्ट्रिय खोप सल्लाहकार समितिको मिति २०७८ जेठ १२ गतेको सिफारिस अनुसार ६० वर्षदेखि माथिकालाई पनि यो खोप दिन मिल्ने भएकोले सोही अनुसार गर्ने ।

२. हाल चीन सरकारवाट प्राप्त SARS-CoV-2 Vaccine ( Vero Cell), Inactive , BIBP, Sinopharma खोप कोभिड -१९ राष्ट्रिय खोप कार्ययोजनाले (National deployment and Vaccination Plan ) तोकेको प्राथमिकता अनुसार नेपाल भरिका ६० देखि ६४ वर्प उमेर समूहलाई लक्षित गरी खोप सेवा प्रदान गर्ने ।

३. खोप वितरण तथा लगाउँदा दोश्रो मात्राको सुनिश्चितता गरी व्यवस्थापन गर्ने ।

४. खोप केन्द्रहरुको व्यवस्थापन गर्दा जिल्ला स्थित कोभिड-१९ खोप समन्वय तथा अनुगमन समितिले निर्णय गरे वमोजिम ६० देखि ६४ वर्ष उमेर समूहलाई खोपको उपलब्धताको आधारमा सूक्षम योजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने ।

५. कोभिड-१९ खोप सचिवालय, स्वास्थ्य सेवा विभागवाट तयार पारिएको लक्षित जनसंख्याको तालिका अनुसार केन्द्रले प्रदेश आपूर्ति केन्द्रमा र प्रदेश आपूर्ति केन्द्रले जिल्ला भ्याक्सिन स्टोरहरमा खोप वितरण र ढुवानी गर्ने ।

६.मित्र राष्ट्र चीनसँग सिमान जोडिएका जिल्लाहरुका हकमा खोपको मौज्दात हेरि १८ वर्ष माथिका नागरिकहरुलाई खोप दिन सक्ने ।

७.यहि २०७८ जेठ २५ गतेदेखि देश व्यापी रुपमा खोप अभियान सुरु गर्ने र खोप लगाउँदा नागरिकता वा उमेर खुल्ने कुनै पनि सरकारी कागजात वा सम्वन्धित वडा कार्यालयले दिएको सिफारिसको आधारमा खोप दिने ।

लक्ष्मण अर्याल
सचिव